# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, मंसिर २७ गते, २०८१ साल (संख्या ११


## भाग ३

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावनाः** प्रदेश र स्थानीय तहका आवधिक योजना बीचमा तादात्म्यता, अन्तर सम्बन्ध, समन्वय, साझेदारी, सहकार्य र सहलगानी वृद्धि गर्न, स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह, स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रवर्द्धन गरी प्रदेश तथा स्थानीय तहको सह-लगानीमा आवधिक योजना तर्जुमा मार्फत संघ, प्रदेश र स्थानीय तहका योजनाबीच सामञ्जस्यता कायम गर्दै स्थानीय आर्थिक विकासका संवाहक क्षेत्र पहिचान गरी स्थानीय आर्थिक नीति तथा

योजना तयारीमा सहयोग गर्न तथा गण्डकी प्रदेश सरकारको वार्षिक विकास कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "आयोग" भन्नाले गण्डकी प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ।

(ख) "निर्देशक समिति" भन्नाले दफा ८ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ग) "पदाधिकारी" भन्नाले गण्डकी प्रदेश नीति तथा योजना आयोगका अध्यक्ष, उपाध्यक्ष र सदस्यलाई सम्झनु पर्छ ।

(घ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकारलाई सम्झनु पर्छ ।

(ङ) "प्रस्ताव" भन्नाले दफा १३ को उपदफा (१) बमोजिमको प्रस्ताव सम्झनु पर्छ।

(च) "प्रस्तावक" भन्नाले यस कार्यविधि बमोजिम परियोजना प्रस्ताव पेश गर्ने स्थानीय तह सम्झनु पर्छ।

(छ) "मूल्याङ्कन तथा छनौट समिति" भन्नाले दफा ९ बमोजिमको मूल्याङ्कन तथा छनौट समिति सम्झनु पर्छ।

(ज) "योजना" भन्नाले प्रदेश सरकारको वार्षिक कार्यक्रम प्रदेश पालिका साझेदारीमा राष्ट्रिय र प्रादेशिक योजना सँग

सामञ्जस्यता हुने गरी स्थानीय तहले निर्माण गर्ने आवधिक योजनालाई सम्झनु पर्छ।

(झ) "लागत साझेदारी" भन्नाले आवधिक योजना निर्माणको लागि स्वीकृत कुल लागतमा प्रस्तावकले व्यहोर्नुपर्ने निश्चित हिस्सा सम्झनु पर्छ । सो शब्दले स्थानीय तहका लागि अन्य साझेदार संस्थाले व्यहोर्ने लागत साझेदारी समेतलाई जनाउँछ।

(ञ) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ र सो शब्दले महानगरपालिका समेतलाई जनाउँछ।

३. **उद्देश्यः** आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रमका उद्देश्य देहाय अनुसार हुनेछनः-

(क) प्रदेश र स्थानीय तहबीच साझेदारी र सह-लगानीको माध्यमबाट अन्तरसम्बन्धलाई सुदृढ र सवलीकरण गर्नु।

(ख) संघ प्रदेश र स्थानीय तहको आवधिक योजनाबीच सामञ्जस्यता कायम गर्नु ।

४. **आवधिक योजनाको आधार र ढाँचाः** (१) स्थानीय तहको आवधिक योजना देहायका आधारमा निर्माण गर्नुपर्नेछः-

(क) नेपालको संविधान

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ग) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

(घ) राष्ट्रिय तथा प्रादेशिक क्षेत्रगत नीतिहरू

(ङ) सोह्रौं योजना (आ. व. २०८१/८२- २०८५/८६) र दीर्घकालीन सोच, २१००

(च) गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (आ.व. २०८१/८२- २०८५/८६)

(छ) नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतिकरण प्रतिवेदन

(ज) दिगो विकास लक्ष्य २०३०

(झ) अन्य अन्तरसम्बन्धित विषयहरू

(२) स्थानीय तहको आवधिक योजनाको ढाँचा अनुसूची - १ बमोजिम हुनेछ।

## परिच्छेद–२

## संस्थागत व्यवस्था, काम, कर्तव्य र जिम्मेवारी

५. **आयोगको काम, कर्तव्य र जिम्मेवारीः** कार्यक्रम कार्यान्वयनमा आयोगको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम कार्यान्वयन गर्न नीतिगत व्यवस्थापन र सहजीकरण गर्ने।

(ख) कार्यक्रमको बजेट व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, प्रगति समीक्षा एवं पृष्ठपोषण गर्ने।

(ग) आवधिक योजना निर्माणको मापदण्ड, आधार र सूचकको विकास तथा परिमार्जन गर्ने।

(घ) आवधिक विकास योजनाको मस्यौदा माथि छलफल गरी सुझाव उपलब्ध गराउने।

(ङ) आवधिक योजना निर्माणका लागि सम्पर्क व्यक्ति तोक्ने र सोको जानकारी सम्बन्धित स्थानीय तहलाई दिने।

(च) स्थानीय तहले माग गरेको अवस्थामा प्राविधिक सहयोग उपलब्ध गराउने।

६. **स्थानीय तहको जिम्मेवारीः** कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) आवधिक योजना निर्माणको नेतृत्व र जिम्मेवारी लिने,

(ख) स्थानीय तहमा अपेक्षित नवीन सोच र प्रविधिलाई कार्यक्रमको ढाँचामा विकास गर्ने,

(ग) आवश्यक पर्ने थप श्रोत व्यवस्थापन गर्ने,

(घ) आवधिक योजना निर्माणका लागि सम्पर्क व्यक्ति तोक्ने र सोको जानकारी आयोगलाई दिने,

(ङ) आयोगमा नियमित रूपमा प्रगति विवरण पेस गर्ने,

(च) आवधिक योजनाको मस्यौदा तयारी गर्नुपूर्व र तयार पारिएको मस्यौदा स्वीकृत गर्नुपूर्व सामञ्जस्यता कायम गर्नको लागि आयोगका पदाधिकारीको उपस्थितिमा छलफल गरी सुझाव तथा पृष्ठपोषण प्रदान गरी अन्तिम रुप दिने,

(छ) कार्यपालिकाबाट स्वीकृत आवधिक योजनाको प्रमाणित प्रति आयोग समक्ष पेस गर्ने,

(ज) आयोगबाट सार्वजनिक सूचना मार्फत माग गरिएको दफा १३ बमोजिमको प्रस्ताव कार्यपालिका बैठकबाट निर्णय गराई आयोगमा पेश गर्ने,

(झ) कार्यक्रमको कार्यान्वयनको चरणमा सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, फरफारक लगायतका सामाजिक उत्तरदायित्व वहन गर्ने,

(ञ) आवश्यक अन्य कार्यहरू गर्ने।

७. <u>**लागत साझेदारी:**</u> स्थानीय तहको आवधिक योजना तर्जुमा गर्नका लागि प्रदेश सरकारले साझेदारी गर्ने रकम आयोगले सशर्त अनुदानको रूपमा सम्बन्धित स्थानीय तहलाई देहाय बमोजिम उपलब्ध गराउनेछः-

(क) हाल सम्म पनि आवधिक योजना निर्माण नभई पहिलो पटक आवधिक योजना निर्माण गर्नुपर्ने स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत लागतको ७५ प्रतिशत वा ७ लाख ५० हजार मध्ये जुन कम हुन्छ सो रकम उपलब्ध गराउने।

(ख) पहिलो आवधिक योजना निर्माण भई दोस्रो आवधिक योजना निर्माण गर्नुपर्ने स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत लागतको ५० प्रतिशत वा ५ लाख मध्ये जुन कम हुन्छ सो रकम उपलब्ध गराउने।

## परिच्छेद—३

## समिति सम्बन्धी व्यवस्था

८. **निर्देशक समितिः** (१) स्थानीय तहको आवधिक योजना निर्माण सम्बन्धी सहजीकरण र व्यवस्थापन गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) उपाध्यक्ष, आयोग -संयोजक

(ख) सदस्य, आयोग सम्बन्धित विषय क्षेत्र हेर्ने -सदस्य

(ग) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, योजना हेर्ने -सदस्य

(घ) प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय -सदस्य

(ङ) प्रदेश सचिव, आयोग -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहको आवधिक योजना निर्माण गर्न रणनीतिगत मार्गदर्शन प्रदान गर्ने,

(ख) मूल्याङ्कन तथा छनौट समितिबाट सिफारिश भएका प्रस्तावहरूलाई स्वीकृत गर्ने,

(ग) स्वीकृत प्रस्तावको कार्यान्वयनको लागि सम्बन्धित प्रस्तावकलाई दफा १४ को उपदफा (५) बमोजिम सम्झौताको व्यवस्था गर्ने। तोकिएको समयमा स्थानीय तहले सम्झौताका लागि सम्पर्क नगरेमा त्यसपछिको योग्यताक्रममा रहेका स्थानीय तहलाई सम्झौताका लागि आमन्त्रण गर्ने,

(घ) आवधिक योजना निर्माणको चरणमा अनुगमन, समीक्षा, पृष्ठपोषण र निर्देशन सहित मार्गदर्शन प्रदान गर्ने,

(ङ) आवधिक योजना निर्माणको लागि लागत साझेदारीको रकम स्वीकृत गर्ने।

(३) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय क्षेत्रका विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

९. **<u>मूल्याङ्कन तथा छनौट समितिः</u>** (१) यस कार्यक्रम अन्तर्गत पेश हुने प्रस्ताव मूल्याङ्कनका लागि देहाय बमोजिमको एक मूल्याङ्कन तथा छनौट समिति रहनेछः-

(क) सचिव, आयोग - संयोजक

(ख) उपसचिव, आर्थिक मामिला मन्त्रालय, योजना हेर्ने - सदस्य

(ग) उपसचिव, आयोग - सदस्य

(घ) शाखा प्रमुख, प्रशासन शाखा, आयोग - सदस्य

(ङ) शाखा प्रमुख, अनुगमन शाखा, आयोग -सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१०. **<u>मूल्याङ्कन तथा छनौट समितिः</u>** मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रस्तावकबाट प्राप्त प्रस्तावको दफा १४ बमोजिम परीक्षण र मूल्याङ्कन गरी सिफारिश सहित स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्ने,

(ख) प्रस्तावक स्थानीय तहलाई आवश्यकता अनुसार आमन्त्रण गरी प्रस्तुत प्रस्तावहरू माथि थप स्पष्टताका लागि छलफल गर्ने ।

## परिच्छेद-४

## <u>प्रस्तावका आधारहरू</u>

११. **<u>प्रस्ताव पेश गर्न योग्यता र पूर्वशर्तः</u>** (१) स्थानीय तहले प्रस्ताव पेश गर्न देहाय अनुसारको योग्यता पूरा गरेको हुनुपर्नेछः

(क) हालसम्म आवधिक योजना निर्माण नभएको,

(ख) चालू आर्थिक बर्षमा आवधिक योजना तर्जुमाको लागि बजेट विनियोजन भएको,

(ग) चालू आर्थिक बर्षमा आवधिक योजनाको अवधि समाप्त भई नयाँ आवधिक योजना तर्जुमा गर्नुपर्ने,

तर, माथि उल्लिखित प्रावधानहरू पूरा गरे तापनि यो कार्यविधि लागू हुनुभन्दा अघि आवधिक योजना निर्माणका लागि सम्झौता गरी सकेका स्थानीय तहले यस कार्यविधि बमोजिम प्रस्ताव पेश गर्न योग्य हुने छैनन।

(२) आवधिक योजना निर्माणका लागि चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म सम्पन्न गर्ने गरी कार्य योजना पेश गर्नु पर्नेछ।

## परिच्छेद-५

## प्रस्ताव, छनौट र मूल्याङ्कन

१२. **प्रस्ताव आह्वान गर्ने:** (१) लागत साझेदारीमा आवधिक योजना निर्माण गर्न दफा ११ बमोजिम योग्य स्थानीय तहलाई पन्ध्र दिनको समय दिई अनुसूची- २ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्न अनुसूची- ३ बमोजिम राष्ट्रिय स्तरको पत्रपत्रिका मार्फत सार्वजनिक सूचना आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गरेको सूचना आयोगले आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

१३. **प्रस्ताव पेश गर्ने:** (१) दफा ११ को उपदफा (१) अनुसारको शर्तहरू पूरा गरेका साझेदारीमा योजना निर्माण गर्न चाहने स्थानीय तहले आयोगमा दफा १२ को उपदफा (१) बमोजिमको अवधिभित्र अनुसूची - २ बमोजिमको ढाँचामा आवश्यक सबै विवरणहरू सहित सूचनामा उल्लिखित आवश्यक कागजात संलग्न गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) अनुसार दर्ता हुन आएका प्रस्ताव अपर्याप्त भएमा छनौट तथा मूल्याङ्कन समितिको सिफारिसमा निर्देशक समितिबाट निर्णय गरी सात दिनको सूचना दिई थप प्रस्ताव माग गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रस्ताव छनौट तथा मूल्याङ्कन समितिले पन्ध्र दिनभित्र मूल्याङ्कन गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश

गर्नुपर्नेछ। पेश भएका प्रस्ताव निर्देशक समितिले सात दिनभित्र स्वीकृत गर्नु पर्नेछ।

१४. **प्रस्ताव मूल्याङ्कनः** (१) दफा १३ बमोजिम पेश भएका प्रस्ताव छनौट तथा मूल्याङ्कन समितिले अनुसूची - ४ मा उल्लिखित मूल्याङ्कनका सूचकहरूको आधारमा मूल्याङ्कन गरी प्रस्तावको योग्यताक्रम निर्धारण गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्नेछ ।

(२) निर्देशक समितिले मूल्याङ्कनमा कूल पूर्णाङ्कको कम्तीमा ६० प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरेका प्रस्ताव स्वीकृत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्देशक समितिबाट प्रस्ताव स्वीकृत भएको जानकारी स्थानीय तहलाई गराई आयोगको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव स्वीकृत भएको जानकारी पाएको सात दिनभित्र सम्बन्धित प्रस्तावकले आयोगसँग सम्झौताका लागि सम्पर्क गर्नु पर्नेछ।

(५) सालवसाली कार्यक्रमका लागि छुट्टाइएको बजेट परिधिभित्र रही उपदफा (१) अनुसार मूल्याङ्कनमा सबैभन्दा उच्च अङ्क प्राप्त गर्ने प्रस्तावहरू मध्येबाट क्रमैसँग छनौट गरी आवधिक योजना निर्माणका लागि स्वीकृत स्थानीय तहसँग अनुसूची - ५ बमोजिम सम्झौता गरिनेछ।

## परिच्छेद—६
## वित्तीय व्यवस्थापन

१५. **बजेट निकासाः** दफा १४ को उपदफा (५) बमोजिम सम्झौता सम्पन्न गरेका स्थानीय तहलाई सशर्त अनुदानको रूपमा कार्यक्रम खर्चबाट गण्डकी प्रदेश सरकारको विनियोजन ऐनले व्यवस्था गरेबमोजिम रकम निकासा गरिनेछ ।

१६. **खर्च व्यवस्थापन तथा वित्तीय अनुशासनः** कार्यक्रम खर्च सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ। यसरी स्थानीय तहलाई उपलब्ध गराइएको रकम आवधिक योजना निर्माण बाहेक अन्य प्रयोजनका लागि खर्च पाइने छैन।

१७. **खरिद व्यवस्थापनः** कार्यक्रमको खरिद सम्बन्धी व्यवस्था प्रचलित खरिद कानून बमोजिम हुनेछ।

**१८.** **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा आयोगले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

# अनुसूची—१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## स्थानीय तहको आवधिक योजना तर्जुमा ढाँचा

**१. परिचय**

१.१. प्रथम पञ्चवर्षीय योजनाको संक्षिप्त समीक्षा (दोस्रोको हकमा मात्र लागु हुने)

१.२. ........... योजनाको सोच, लक्ष्य, उद्देश्य, समष्टिगत रणनीति, संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्र

१.३. .........योजनाका परिमाणात्मक लक्ष्य

**२. संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्र (विषयक्षेत्र अनुसार फरक फरक परिच्छेदमा उल्लेख गर्ने)**

२.१. पृष्ठभूमि

२.२. विद्यमान अवस्था

२.३. मुख्य सवाल तथा चुनौती

२.४. रुपान्तरणकारी रणनीति

२.५. प्रमुख कार्यक्रम

२.६. परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ सम्मको अवस्था | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

३. **संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्र (नमुना)**

(१) स्थानीय आर्थिक विकास तथा अर्थतन्त्रको सुदृढीकरण

(२) वित्तीय स्रोत पहिचान र व्यवस्थापन

(३) सामाजिक सुरक्षा, संरक्षण, समावेशीकरण र सशक्तीकरण

(४) श्रम, रोजगारी, उत्पादन तथा गरिबी न्यूनीकरण

(५) गुणस्तरीय शिक्षा तथा स्वास्थ्य

(६) वन, वातावरण, जैविक विविधता तथा विपद् जोखिम व्यवस्थापन

(७) सुशासन तथा सार्वजनिक सेवा प्रवाह

(संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्रहरू सम्बन्धित स्थानीय तहको क्षमता आवश्यकता र सामर्थ्यताका आधारमा थपघट गर्न सक्ने।)

## अनुसूची-२

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रस्ताव पेस गर्ने ढाँचा</u>**

**क. स्थानीय तह सम्बन्धी संक्षिप्त जानकारी**

| | |
|---|---|
| (१) स्थानीय तहको नाम ठेगाना | |
| (२) वडा संख्या | |
| (३) २०७८ को जनगणना अनुसारको जनसंख्या | |
| (४) स्थानीय तहको सम्पर्क इमेल र फोन नं. | |
| (५) सम्पर्क व्यक्तिको नामः | |
| (६) सम्पर्क व्यक्तिको इमेलः | |
| (७) सम्पर्क व्यक्तिको मोबाइल नं.: | |
| (८) यस अघि आवधिक योजना निर्माण भए नभएको | |
| (९) भएको भए सोको संक्षिप्त विवरण | |
| (१०) चालु आ.व.मा आवधिक योजना निर्माणको लागि बजेट स्वीकृत भए नभएको | |
| (११) बजेट स्वीकृत भएको भएमा स्वीकृत बजेट रू. | |
| (१२) आवधिक योजना निर्माणको लागि अनुमानित कुल लागत रू. | |
| (१३) आवधिक योजना निर्माणमा आयोगसँगको अपेक्षा | |
| (१४) प्रस्ताव पेश गरेको मिति | |

## ख. आवधिक योजना निर्माणको प्रस्तावित तालिका

| चरण | कार्यहरू | जिम्मेवारी | समयावधि |
|---|---|---|---|
| तयारी चरण | अभिमुखीकरण तथा तयारी कार्यशाला | | |
| | विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा | | |
| | अवधारणा पत्र तयार पार्ने | | |
| विश्लेषण चरण | तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण | | |
| | आधार नक्शा (Basemap) तयारी | | |
| | वस्तुस्थिति विश्लेषण | | |
| | वस्तुस्थिति विवरण तयारी तथा अद्यावधिक | | |
| योजना तर्जुमा चरण | सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण | | |
| | परिमाणात्मक लक्ष्य निर्धारण | | |
| | स्रोत अनुमान, प्रक्षेपण तथा क्षेत्रगत बाँडफाँट | | |
| | विषय क्षेत्रगत योजना तर्जुमा | | |
| | आवधिक योजनाको दस्तावेजको मस्यौदा तयारी | | |
| | मस्यौदा प्रस्तुति, सुझाव सङ्कलन र अन्तिम स्वरूप प्रदान | | |
| स्वीकृति चरण | योजना स्वीकृति | कार्यपालिका | चालु आर्थिक बर्षको जेठ मसान्तभित्र |
| | योजना दस्तावेज छपाइ र प्रकाशन | | |
| | योजना कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन | | निरन्तर |
| सहभागितामूलक योजना निर्माण | | | |

| चरण | कार्यहरू | जिम्मेवारी | समयावधि |
|---|---|---|---|
| योजना तर्जुमा सहभागिता | स्थानीय तहबाट प्राप्त प्रस्तावमा योजना निर्माण चरणमा कम्तिमा सबै वडामा योजना तर्जुमाको चरणमा र योजना स्वीकृत पूर्व अन्तिम मस्यौदा छलफल गरी कम्तिमा दुई पटक निजी क्षेत्र, नागरिक समाज, सामुदायिक क्षेत्र तथा समुदाय, महिला, दलित, अल्पसंख्यक लगायतका स्थानीय तहमा क्रियाशिल राजनैतिक दलको सहभागिता | | |

## अनुसूची- ३

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**आवधिक योजना निर्माणको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः.....................................

गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश नीति तथा योजना आयोगको चालु आर्थिक बर्ष ........ को प्रदेश र स्थानीय तहको साझेदारीमा स्थानीय तहको आवधिक योजना निर्माण कार्यक्रम कार्यान्वयनका लागि ..................................... कार्यविधि, २०८१ को दफा १२ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र गण्डकी प्रदेश भित्रका दफा ११ अनुसारको योग्यता पुगेका स्थानीय तहले अनुसूची-२ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी देहायबमोजिमका कागजात सहित आवेदन पेश गर्नुहुन अनुरोध छ।

यस सम्बन्धी थप जानकारी आयोगको वेबसाइट http://ppc.gandaki.gov.np मा रहेको **.................................. कार्यविधि, २०८१** मार्फत प्राप्त गर्न सकिने छ।

देहायः

१) अनुसूची-२ बमोजिमको ढाँचामा आवधिक योजना निर्माण प्रस्ताव
२) लागत साझेदारीमा योजना निर्माण गर्ने सम्बन्धी गाउँ/नगर कार्यपालिका बैठकको निर्णयको प्रमाणित प्रति।
३) चालु आर्थिक बर्ष आवधिक योजना निर्माणको लागि स्थानीय तहबाट बजेट विनियोजन भएको हकमा सोको विवरण।
४) योजना निर्माणको लागि गाउँ/नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत कुल लागत अनुमानको प्रमाणित प्रतिलिपि।

**थप जानकारीका लागि,**

सम्पर्क व्यक्तिको नामः

सम्पर्क नम्बरः

## अनुसूची—४

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

### आवधिक योजना निर्माण प्रस्ताव मूल्याङ्कनका आधारहरू

| क्र. सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| (१) | आवधिक योजना निर्माण | २० | हालसम्म आवधिक योजना निर्माण नभएको हकमा | २० | |
| | | | गत आर्थिक बर्षमा पहिलो पञ्चवर्षीय योजनाको समाप्ति भइ दोस्रो योजना निर्माण गर्नुपर्नेमा सो नभएको हकमा | १५ | |
| | | | चालू आर्थिक बर्षमा पहिलो पञ्चवर्षीय योजनाको समाप्ति भइ दोस्रो योजना निर्माण गर्नुपर्ने भएको हकमा | १० | |
| (२) | बजेट विनियोजन | २० | चालू आर्थिक बर्षमा योजना निर्माणको लागि बजेट विनियोजन भएको हकमा | २० | |
| | | | योजना निर्माणको लागि बजेट विनियोजन नभएको तर कार्यपालिका बैठकबाट स्रोत सुनिश्चित भएको हकमा | १५ | |
| | | | योजना निर्माणको लागि आवश्यक बजेटको बैकल्पिक व्यवस्था गर्ने सकिने आधार पेस गरेको | १० | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| (३) | भौगोलिक रुपमा दुर्गम क्षेत्रलाई प्राथमिकता | २० | “क” वर्गमा परेका स्थानीय तहका लागि | २० | |
| | | | “ख” वर्गका स्थानीय तहका लागि | १५ | |
| | | | “ग” वर्गका स्थानीय तहका लागि | १० | |
| | | | “घ” वर्गका स्थानीय तहका लागि, | ५ | |
| | प्रदेश सरकारले प्रचलित कानूनमा गरेको वर्गीकरणमा (गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९) बमोजिम भएको स्थानीय तहको भौगोलिक वर्गीकरण अनुसार | | | | |
| (४) | सहभागितामूलक योजना तर्जुमा | २० | स्थानीय तहबाट प्राप्त प्रस्तावमा योजना निर्माण चरणमा कम्तिमा सबै वडामा योजना तर्जुमाको चरणमा र योजना स्वीकृत पूर्व अन्तिम मस्यौदा छलफल गरि कम्तिमा दुई पटक निजी क्षेत्र, नागरिक समाज, सामुदायिक क्षेत्र तथा समुदाय, महिला, दलित, अल्पसंख्यक लगायतका स्थानीय तहमा क्रियाशिल राजनैतिक दलको सहभागिता गर्ने उल्लेख भएको | २० | |
| | | | स्थानीय तहबाट प्राप्त प्रस्तावमा योजना निर्माण चरणमा वडास्तरमा निजी क्षेत्र, नागरिक समाज, सामुदायिक क्षेत्र तथा समुदाय, महिला, दलित, अल्पसंख्यक लगायतका स्थानीय तहमा क्रियाशिल राजनैतिक दलको | १५ | |

| क्र. सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | सहभागिता गर्ने उल्लेख भएको | | |
| | | | स्थानीय तहबाट प्राप्त प्रस्तावमा योजना निर्माण चरणमा स्थानीय तहको केन्द्र तहमा निजी क्षेत्र, नागरिक समाज, सामुदायिक क्षेत्र तथा समुदाय, महिला, दलित, अल्पसंख्यक लगायतका स्थानीय तहमा क्रियाशिल राजनैतिक दलको सहभागिता गर्ने बिषय उल्लेख नभएको | ५ | |
| | **कुल जम्मा अङ्क** | ८० | | | |

नोटः- प्रस्ताव ग्राह्य हुनका निमित्त यस अनुसूचीमा उल्लेखित मूल्याङ्कन सूचकहरूको कुल अङ्कको कम्तीमा ६० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ।

## अनुसूची-५

(दफा १४ को उपदफा (५) सँग सम्बन्धित)

## सम्झौताको ढाँचा

**"......................कार्यक्रम" कार्यान्वयनको लागि गण्डकी प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश (यसपछि प्रथम पक्ष उल्लेख गरिएको) तथा ............ गाउँ/ नगरपालिका, ............ (यसपछि दोस्रो पक्ष उल्लेख गरिएको) बीच भएको**

## सम्झौता-पत्र

प्रस्तावनाको बिषय लेख्ने ।

| | | |
|---|---|---|
| **क. आवधिक योजना तर्जुमा सम्बन्धी विवरण** | | |
| स्थानीय तहको नामः | | |
| १. अवधिः | १.१. सुरु हुने मितिः | १.२. सम्पन्न हुने मितिः |
| **ख. परियोजनाको लागत सम्बन्धी विवरणः** | | |
| १. स्वीकृत अनुमानित कुल लागतः | रू. | |
| २. स्थानीय तहबाट व्यहोर्नेः | रू. | |
| ३. आयोगबाट व्यहोर्नेः | रू. | |

**प्रथम पक्षको जिम्मेवारीः**

१. प्रथम पक्षले .................. बमोजिम कूल रकम रु..................(अक्षेरेपी ..................) मध्ये कार्यक्रम कार्यान्वयन गर्न ....................कार्यक्रमबाट कुल जम्मा रु..................(अक्षेरेपी....................) दोस्रो पक्षलाई उपलब्ध गराउने छ।

२. कार्यक्रम कार्यान्वयन गर्न नीतिगत व्यवस्थापन र सहजीकरण गर्ने।

३. कार्यक्रमको बजेट व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, प्रगति समीक्षा एवं पृष्ठपोषण गर्ने।

४. आवधिक योजना निर्माणको मापदण्ड, आधार र सूचकको विकास तथा परिमार्जन गर्ने।

५. आवधिक विकास योजनाको मस्यौदा माथि छलफल गरी सुझाव उपलव्ध गराउने।

६. आवधिक योजना निर्माणका लागि सम्पर्क व्यक्ति तोक्ने र सोको जनकारी सम्बन्धित स्थानीय तहलाइ दिने,

७. स्थानीय तहले माग गरेको अवस्थामा प्राविधिक सहयोग उपलब्ध गराउने।

८. यो सम्झौता अनुसार परियोजना कार्यान्वयन गर्दा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रथम पक्षमा रहनेछ।

**दोस्रो पक्षको जिम्मेवारीः**

१. स्थानीय तहले व्यहोर्नु पर्ने रकम रु..................(अक्षरेपी..................) सुनिश्चित गर्नु पर्नेछ।

२. दोस्रो पक्षले सार्वजनिक खरिद ऐन, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियममा व्यवस्था भएअनुसार खरिद प्रक्रिया पूरा गरी तोकिए बमोजिम लेखाङ्कन गर्नुपर्नेछ ।

३. आवधिक योजना निर्माणको नेतृत्व र जिम्मेवारी लिने,

४. स्थानीय तहमा अपेक्षित नवीन सोच र प्रविधिलाई कार्यक्रमको ढाँचामा विकास गर्ने,

५. आवश्यक पर्ने थप श्रोत व्यवस्थापन गर्ने,

६. आवधिक योजना निर्माणका लागि सम्पर्क व्यक्ति तोक्ने र सोको जानकारी आयोगलाई दिने,

७. आवधिक योजनाको मस्यौदा तयारी गर्नुपुर्व र तयार पारिएको मस्यौदा स्वीकृत गर्नुपूर्व गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनासँग सामञ्जस्यताको लागि आयोगका पदाधिकारीको उपस्थितिमा छलफल गरी सुझाव तथा पृष्ठपोषण गरी अन्तिम रुप दिने,

८. कार्यपालिकाबाट स्वीकृत आवधिक योजनाको प्रमाणित प्रति आयोग समक्ष पेस गर्ने,

९. आयोगबाट सार्वजनिक सूचना मार्फत माग गरिएको दफा १६ बमोजिमको प्रस्ताव कार्यपालिका बैठकबाट निर्णय गराई आयोगमा पेस गर्ने,

१०. यस सम्झौतामा उल्लेख नभएका विषयहरू प्रचलित कानून अनुसार हुनेछ ।

माथि उल्लेख भएबमोजिमका शर्तहरु पालना गर्न हामी दुबै पक्षहरु मन्जुर छौं।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः.................. | हस्ताक्षरः.................. |
| नाम : | नाम : |
| पद : | पदः |
| मिति : | मितिः |

| | |
|---|---|
| सम्पर्क नम्बरः<br>कार्यालयको छापः | सम्पर्क नम्बरः<br>कार्यालयको छापः |
| **रोहवर** | **रोहवर** |
| **दोस्रो पक्षको तर्फबाट**<br>हस्ताक्षरः ...................<br>नाम :<br>पद :<br>मिति<br>सम्पर्क नम्बरः | **प्रथम पक्षको तर्फबाट**<br>हस्ताक्षरः ...................<br>नाम :<br>पद :<br>मितिः<br>सम्पर्क नम्बरः |

आज्ञाले,

केशवराज ढकाल

प्रदेश सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । मूल्य रु ५०।-